मेरो साप्ताहिक

मचा साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : १० • पूर्णांक : २०९ • वि.सं. २०८० माघ ५ मंगलवार • ने.सं. ११४४ पोहेंलाथ्व त्रयोदशी • 2024 January 23 • पृष्ठ ८ • मूल्य रू. १०।-

आन्दोलनले एकै ठाउँमा उभ्याएको यल नेवाः समाज

अधिकारको प्राप्ति नै समाजको प्रमुख लक्ष्य

• **मेरो संवाददाता**

ललितपुर/नेवाः समुदायका २१ जाति एउटै संरचना अटाउने गरी गठित यल नेवाः समाजले संस्थागत विकासको प्रक्रिया डोहऱ्याउँदै लगेको छ ।

गत शनिबार पाटन संग्रहालय परिसरमा आयोजित समाजको प्रारम्भिक वार्षिक साधारणसभाले तदर्थ समितिलाई विघटन गरी नयाँ कार्यसमिति गठन गरेको छ ।

सभाको उद्घाटन गर्दै वाग्मती प्रदेशका उद्योग, वाणिज्य, भूमी प्रशासन मन्त्री रामकृष्ण चित्रकारले नेपालभाषा, संस्कृति र जातीय हकअधिकारको लागि नेवार समुदायको एकजुट हुनुपर्नेमा जोड दिनुभयो । सो अवसरमा वाग्मती प्रदेशसभा सदस्यद्वय प्रेमभक्त महर्जन, रघुनाथ महर्जनले बृहत्तर हितको लागि आपसी सहकार्यको वातावरण बनाउँदै जानुपर्ने बताउनुभयो। सो अवसरमा नेवाः देय् दबूका केन्द्रीय अध्यक्ष पवित्र बज्राचार्यले नेवाःसमाजले छरिएर रहेका जातीय समाजलाई एउटै ठाउँमा ल्याएको खुशी व्यक्त गर्नुभयो ।

सभाले ताम्रकार समाजका अध्यक्ष विनोद ताम्रकारको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा स्यस्यः समाजका सचिव न्हुच्छेबहादुर नेम्कुल, सचिवमा राजोपाध्याय समाजका अध्यक्ष सञ्जयशर्मा राजोपाध्याय, कोषाध्यक्षमा तण्डुकार समाजका अध्यक्ष शिवराम तण्डुकार, सहसचिवमा सिकर्मी समाजका अध्यक्ष विष्णुलाल सिकर्मी र कार्यकारिणी सदस्यहरुमा जोशी समाजका अध्यक्ष दिपेशमान जोशी, देउला समाजको अध्यक्ष प्रकाश देउला, कर्माचार्य समाजका सचिव कृष्णदास कर्माचार्य र शिल्पकार समाजका अध्यक्ष धर्मरत्न शिल्पकार रहनुभएको छ ।

विशेषतः पाटनलाई मुख्य कार्यक्षेत्र बनाई क्रियाशील ती संगठनहरुको संस्थागत प्रतिनिधिमूलक संगठनको रुपमा समाजको स्थापना गरिएको हो । समाजमा कर्माचार्य, कपाली, खड्गी, चित्रकार, ज्यापू, जोशी, तण्डुकार, ताम्रकार, द्योला, नकर्मी, नापित, वाद्यकार, बाराही, बौद्ध विहार संघ, रजक समाज, रञ्जितकार समाज, राजोपाध्याय, स्यस्यः, सिँकःमि र शिल्पकार समाज आबद्ध रहेको छ ।

आफ्नो जातिभित्र चल्दै आएको संस्कार, रितिरिवाजको संरक्षणका साथै नेवाः समुदायको हकहित, नेपाल भाषा, संस्कृति र परम्पराको जर्गेना गर्न अलग/अलग रुपमा कार्यरत ती संगठनले एकिकृत रुपमा समन्वय गर्दै अघि बढ्न समाज स्थापना गरिएको अध्यक्ष विनोद ताम्रकारले बताउनुभयो ।

नेपाल भाषा मंका खलःले विसं २०६७ सालदेखि विभिन्न जातीय समाजसंग समन्वय गरी नेपाल संवत् नयाँ वर्ष मनाउने क्रम शुरुआत गरेसंगै जातीय समाजबीच सहकार्य र समन्वयको वातावरण बनेको थियो । त्यसपछि हरेक वर्ष नेपाल संवत् नयाँ वर्ष मनाउन जातीय समाजलाई पालैपालो जिम्मेवारी हस्तान्तरण गर्ने प्रक्रिया थालनी भएको थियो ।

सरकारले २०७५ सालमा प्रस्तावित गरेको गुठी विधेयक विरुद्धको आन्दोलन, २०७७ साल भदौं १८ गते रातो मच्छिन्द्रनाथ पुल्चोकबाट तान्ने क्रममा भएको झडपको घटनापछि ती संगठनलाई आआफ्नो जातीय संगठनको घेराभन्दा माथि उठेर सोच्नुपर्ने, संगै बस्नुपर्ने र मिलेर काम गर्नुपर्ने अवस्था उत्पन्न गराईदिएको अध्यक्ष ताम्रकारले बताउनुभयो ।

'विभिन्न घटनाक्रमले दिएको सन्देशलाई नबुझ्नेहो भने लक्ष्य, हकहितका एजेण्डालाई सम्बोधन गराउन क्रमशः पछि पर्दै जाने स्थिति देखिएपछि सबै जाति समाज अटाउने यल नेवाः समाज गठन भएको हो' समाजका सचिव सञ्जयशर्मा राजोपाध्यायले भन्नुभयो ।

पाटनमा ज्यापू महागुथिलाई निषेध किन ? - सांसद् महर्जन

• **मेरो संवाददाता**

ललितपुर/ज्यापू महागुथि ललितपुर जिल्लाका अध्यक्ष एवं सांसद् रघुनाथ महर्जनले पाटनमा हुने सभा, समारोहमा ज्यापू महागुथिलाई नबोलाउने गरेको विषयमा सार्वजनिक रुपमा नै गुनासो गर्नुभएको छ ।

गत शनिबार पाटन संग्रहालय परिसरमा आयोजना गरेको यल नेवाः समाजको प्रारम्भिक वार्षिक साधारण सभामा ललितपुर क्षेत्र नं ३ (क) वाग्मती प्रदेशसभामा प्रतिनिधित्व गर्नुहुने सांसद्ले महर्जनले सांसद्को हैसियतमा बोल्ने क्रममा सो गुनासो पोख्नुभएको हो । 'पाटनमा हुने कार्यक्रममा ज्यापू महागुथि ललितपुर समितिलाई कहिले पनि बोलाउँदैन, किन होला ? यसलाई निषेध गरेको रुपमा बुझ्ने कि नबुझ्ने ?' अध्यक्ष महर्जनले भन्नुभयो 'ललितपुरको खोकना, सैंबु, बुंगमती, धापाखेल,

हरिसिद्धि, ठैब, वादेगाउँ, दमाईटार, सुनाकोठी, चापागाउँ, ठेचो, लेले, लुभु, सिद्धिपुर, टिकाथली, लगायत क्षेत्रलाई कार्यक्षेत्रमा ज्यापू महागुथि क्रियाशील रहेका छन् । साविकको नगरलाई चारैतिर घेरिएको साविकका गाउँमा क्रियाशील भएर पनि ललितपुर नगर क्षेत्रमा हुने कार्यक्रममा हामीलाई कसैले सम्पर्क गर्ने, सरोकार राख्ने समेत गरेको छैन । किन होला बुझ्न सकेको छैन ।'

आफ्नो मनमा उठिरहेको विषय भन्ने मौका नपाए पनि यल नेवाः समाजको प्रथम वार्षिक साधारण सभामा भन्नु उपयुक्त होला भनेर यो कुरो राखेको पनि सांसद् एवम् अध्यक्ष महर्जनले बताउनुभयो ।

नेपालभाषा, संस्कृति, स्थानीय विकास र हकअधिकारका लागि नेवार समुदाय एकजुट भएर अघि बढ्नुपर्नेमा यस्तो खालको प्रवृतिले त्यस दिशातर्फ अघि बढ्ने नसकिने पनि महर्जनको भनाई रहेको छ । राज्यबाट बृहत्तर हितको माग सम्बोधन गराउन मिलेर जानुपर्ने हो । तर हामी भित्र नै अस्वस्थ्य प्रवृतिले फुटाएर राज गर्नेलाई मलजल गर्ने पनि उहाँको तर्क थियो ।

आफू सांसद भएकोले महर्जनले हाल वरिष्ठ उपाध्यक्ष शरणगोपाल डंगोललाई ज्यापू महागुथि ललितपुरको कार्यवाहकको जिम्मेवारी दिएको पनि सो अवसरमा उल्लेख गर्नुभयो ।

ससः त्वाःमा रुद्रायणी द्यःभ्वय् हुने

• **मेरो संवाददाता**

काठमाडौं/१२ वर्षमा एकपटक हुने खोकनाको रुद्रायणी देवीको जात्राका क्रममा ससःत्वाःमा एक कार्यक्रमको आयोजना गरी द्यःभ्वय् हुने भएको छ ।

ससः त्वाःले आयोजना गर्न लागेको यस द्यःभ्वय्को सन्दर्भमा जानकारी दिनका लागि गत मंगलवार ससः त्वाःमा पत्रकार भेटघाट गरिएको थियो ।

सो क्रममा ललितपुर मनपा २१ वडाका अध्यक्ष रविन्द्र महर्जनले चार सय वर्ष भन्दा पहिले रुद्रायणीदेवीको कीर्तिपुरमा नृत्य सम्पन्न भएको अभिलेख पाइए पनि त्यसपछि कीर्तिपुरमा नृत्य भएको थाहा नभएको बताउनु हुँदै कीर्तिपुरमा देवगणलाई आमन्त्रित गरेर सम्मान गर्न लागेकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले देवगणलाई पूर्णशुद्ध भई भोजको व्यवस्था गर्नुपर्ने भएका कारण देवगणकै भान्छे समूहले पूजाको लागि भोज तयार गर्ने र यसले खोकनाको परिकार कीर्तिपुरका साथै भक्तजनहरुले ग्रहण गर्न सक्ने अवसर सृजना भएको बताउनु भयो ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा ख्यालिजुजु मदनकृष्ण श्रेष्ठले कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो । कार्यक्रमका संरक्षकका रुपमा गोपाल महर्जनको पनि पत्रकार भेटघाटमा विशेष उपस्थिति रहेको थियो ।

एलजी ग्रूप तथा ससः त्वाःका अध्यक्ष सुरज सिंहको सभापतित्वमा भएको पत्रकार भेटका क्रममा पत्रकार हरुले सोधेका प्रश्नको ललितपुर २१ वडाका अध्यक्ष महर्जन र ग्रूपका अध्यक्ष सिंहले जवाफ दिनु भएको थियो । ससःत्वाःको आयोजनामा यही माघ १३ गते ख्वना रुद्रायणी द्यःभ्वय्को आयोजना हुन लागेको हो ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

नेवा: एकता दिवस

ने.सं. ११३० मा दशरथ रंगशालामा भव्य समारोहको आयोजनाका बीच नेवा: स्वायत्त राज्यको घोषणा गरेको सम्झनामा ने.सं. ११३१ बाट निरन्तर मनाइँदै आएको नेवा: एकता दिवस यस वर्ष पनि औपचारिक रुपमा मनाइएको छ। केही वर्ष अगाडिदेखि नेवा: स्वायत्त राज्यको विभिन्न प्राचीन नेवार वस्तिमा पुगेर मनाउन थालिएको नेवा: एकता दिवसका क्रममा यस वर्ष पनौतिमा कार्यक्रमको आयोजना गरी दिवस मनाइने कार्य भएको छ। नेवार राष्ट्रिय संगठन नेवा: देय् दबूको संयोजनमा भएको यो कार्यक्रममा हलिं नेपा: गुथि, हलिं नेवा: दबू नेपाल च्याप्टर, ज्यापु महागुथि नेपा: लगायतको विशेष उपस्थिति रहेको देखियो। पनौतिका ३३ विभिन्न संघसंस्थाहरुसँगको सहकार्यमा आयोजित कार्यक्रममा उपत्यका र वरपरका हजारौं नेवारहरुको सहभागिता रहेको देखियो।

नेवा: एकता दिवसको नामले नै यो नेवारहरुको लागि एक महत्वपूर्ण दिवस हुनुपर्ने हो। यस दिवसमा नेवार समुदायको नेतृत्वकर्ताहरुको उपस्थिति त्यति नै महत्वपूर्ण र आवश्यक छ। तर पनौतिमा गरिएको औपचारिक कार्यक्रम औपचारिकता निभाउने कार्यक्रमका रुपमा मात्र सीमित रहेको आभास भएको छ। नेवा: देय् दबूको संयोजनमा भएको कार्यक्रमको बीचमा नै कार्यक्रमको सभापतित्व गरिरहनु भएका देय् दबूका अध्यक्ष पवित्र बज्राचार्य व्यस्तता देखाउँदै नेवा: देय् दबूको राष्ट्रिय परिषद् रहेको भन्दै छोडेर जानुले देय् दबूले समेत नेवा: एकता दिवसको अपनत्व त्यागी सकेको आभास हुन पुगेको छ। नेवार समुदायले क्यालेण्डरमा नै यो दिनलाई नेवा: एकता दिवस भनेर तोकिदिए पनि सोही दिन कार्यक्रमको संयोजन गरिरहेको संस्थाले नै राष्ट्रिय परिषद् राख्नुले जनमानसमा कस्तो सन्देश जान्छ यस विषयमा दबूले नै स्पष्ट पार्नु उपयुक्त हुन्छ। हुनत नेवा: स्वायत्त राज्य घोषणा र यसको प्राप्तिका लागि गठित नेवा: स्वायत्त राज्य मंका: संघर्ष समिति विघटन भएपछि देय् दबूले नैतिक रुपमा यस दिवसलाई निरन्तर अगाडि बढाइ रहेको छ। जसले नेवार समुदाय राजनीतिक रुपमा पनि सचेत रहेको देखाउँछ। तर अपार नेवार समुदायको चाहनाको रुपमा रहेको नेवा: स्वायत्त राज्य प्राप्तिको आन्दोलन अब दिवस वा समारोहको रुपमा मात्र सीमित भएको र यसका लागि अझै पनि पहल गर्न आवश्यक छ भन्ने तर्फ नेवार नेतृत्वले हार मानिसकेको हो ? यो प्रश्न आम नेवार समुदायमा छ नै। नेतृत्वले नै आफ्नो माग त्याग्ने हो भने नेवा: एकता दिवसको औचित्य समाप्त भएर जानेछ।

फोनिज बैठकका क्रममा देखेको भादागाउँको थारु संस्कृति

✍ सुनिता महर्जन

नेपालमा भ्रमण वर्ष २०२० को जागरण पछि धेरै मानिसमा बाह्य पर्यटनको विकासको साथ साथै आन्तरिक पर्यटनको पनि विकास भएको पाइन्छ। पर्यटकलाई आकर्षण गर्न विभिन्न योजना ल्याइरहँदा त्यसमा आन्तरिक पर्यटकको आगमन र उनीहरुले एक ठाउँबाट अर्को ठाउँको चासो राख्नुले मानिसमा आफु आफु पनि सद्भाव विकासका साथै सांस्कृतिक, पहिरन, खानपान पनि एक आपसमा बाँड्ने मौका मिलेको छ।

नेवा: समुदायको कुरा गर्ने हो भने उनीहरुको आफ्नै भेषभुषा परम्परा संस्कृति रहेको छ। नेवा: समुदायको बस्ति हेर्न लायका हुनुको साथै धार्मिक वस्तिसित पनि गाँसिएको हुन्छ। जहाँ नेवा: समुदाय हुन्छ त्यहा ढुङ्गेधारा, इनारका साथै देवदेवताको मन्दिर पनि बिकास भएको पाइन्छ। यो समुदायको हाकु पटासिले नेवा: समुदाएको विश्वमा नै प्रतिनिधित्व गइरहेको छ। यस समुदायको अयला, छोयला, चतांमरि, व: (बारा), योमरि समयपछि आफ्नो समुदायका साथै अरु जातिमा प्रति लोकप्रय छ।

जनजाति पत्रकारहरुको संगठन फोनिजले आफ्नो वैठकका साथै भ्रमण कार्यक्रम धनगढिको थारु समुदायमा लगेको थियो। जसमा हामी सवै जिल्लाबाट सहभागि हुने मौका पायौ। धनगढिको भादागाउँमा बस्ने व्यवस्था मिलाएको थियो। त्यहाँ हाम्रो भ्रमण फोनिजको बैठकमा मात्र सीमित रहेन। भादागाउँको स्थानीय रहनसहन र संस्कृतिलाई पनि बुझ्ने अवसर मिल्यो।

त्यहाँको स्थानीय पहिरनको हिसाबले भन्नुपर्दा थारुहरूले लगाउने भेषभुषामा, लोग्ने मान्छेले लागाउने मर्दानी (धोति) र कमिज, महिलाहरूले लगाउनेमा साडी र अहिलेको बदलिदो परि स्थिति आनुसार हालको समयमा केटाकेटिहरूले लगाउने पोसाकमा प्यान्ट, सर्ट र कुर्ता सुरुवाल हुन् भने गरगहनामा महिलाले लगाउने नाथिया, माँगटिका, हसुली, डरकस, पाउजु, चंद्रहार पर्दछ। त्यहाँको मुख्य बालि भनेको धान, गौका साथै गर्मि मौसममा आँप अनि कहिँ कहिँ केरा पनि मिल्ने रहेछ।

फोनिजको बैठकमा सहभागी हुन पुगेका म लगायत नेवा: पत्रकार राष्ट्रिय दबूकी उपाध्यक्ष रचना श्रेष्ठ र निग्मा लाकि शेर्पा लामा हामी तीन जना महिला पत्रकार चाहिँ एउटै घरमा बास बसेका थियौं। जसको घरपतिका ६ छोराहरु रहेछ। चार जना छोराहरुको आफ्नै समुदायका विहे गरेको भएता पनि अरु भाईले बाहिर गइ विहे गरेको रहेछ। पहिला विरोध भएपनि अहिले भनेर समुदायले अपनाएको कुरा पनि थाहाभयो। जंगलको विचमा रहेको सो थारु वस्तिमा परिवर्तनले विस्तारै छोएको पाइन्छ।

यस जातिमा खानाको रुपमा ढिक्री प्रचलित रहेको छ। यो चामलको पिठो मुछि लामो आकारमा तयार पारि छेउ छेउमा गोलाकार वनाउने रहेछ। पछि त्यसलाई बफाएर विहानको खाजाको रुपमा खाने चलन रहेछ। यो विशेष गरि माघिमा पाउने तर आजभोलि पनि बनाउन थालेको स्थानिय बासिको भनाई छ। यस बाहेक यहाँ घोगिको पनि चलन रहेको पाइन्छ।

थारुहरूको मुख्य पेशामा कृषिलाई बढी मानिने गरिन्छ। कृषिको साथै हाते बुनाई (जस्तै स्वेटर, टोपी, मोजा, ढकीया आदि) लाई संस्कृतिक पेसाको रूपमा लिइन्छ भने माछा पालन परम्परागत पेशा हो। तर हाल आएर थारु जातिका मानिसहरु औद्योगिक पेशातिर आकर्षित भएको देखिन्छ साथ साथै हस्तकलालाई जिविकोपार्जनको रूपमा पनि विकसित हुने क्रम जारी छ।

भ्रमणका क्रममा उहाँहरुले सवै पाहुनाहरुलाई स्वागतका रुपमा माघि नाच देखाउनु भएको थियो। उहाँहरुकै मौलिक खाना पनि पाहुनाहरुलाई खुवाएर सत्कार गरिएको थियो। घरको जस्तो वातावरणमा स्वागत सत्कार गर्नुभयो।

यसरी थारु समुदायलाई नजिकबाट बुझ्ने मौका दिनुभएकोमा फोनिजलाई धन्यवाद। फोनिजको बैठकको लागि नेवा: पत्रकारहरु नृपेन्द्र लाल श्रेष्ठ र सुनिल महर्जन पनि हामीसँगै भ्रमणमा हुनुहुन्थ्यो।

खुसि मागेको थिएँ सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/कम समयमा नै मेरै चर्चा बटुल्न सफल उपन्यास "माया मिष्ट्री" उपन्यासका लेखक मोहन के. श्रेष्ठको शब्द रचना रहेको गीत "खुसि मागेको थिएँ" को म्यूजिक भिडियोको एक कार्यक्रमका बीच गत बिहिवार सार्वजनिक गरिएको छ।

नेपालभाषाका चर्चित साहित्यकार नबीन प्रकाश श्रेष्ठले प्रमूख अतिथिका रुपमा सार्वजनिक गरिएको सो भिडियोको निर्देशन नेपालभाषाको गीत संगीत एवं चलचित्र लगायतका मनोरन्जन क्षेत्रका एक अग्रज कलाकर्मि पवन जोशीले गर्नु भएको हो।

भिडियो सार्वजनिक समारोहमा प्रमूख अतिथी श्रेष्ठले आख्यानकार मोहन के श्रेष्ठले थोरै संख्यामा मात्र उपन्यास लेख्नु भएको भएतापनि आफू उहाँको लेखन शिल्प बाट अत्यन्त प्रभावित भएको भन्दै गीत रचना क्षेत्रमा पनि उहाँको यात्रा खँदिलो हुने आश व्यक्त गर्नु भयो।

सो समारोहमा विशेष अतिथी रहनु भएका अग्रज चलचित्र पत्रकार विजयरत्न तुलाधरले अहिले नेपालि म्युजिक भिडियोको निर्माण गति सुस्त भईरहेको भन्ने गुनासो चर्किरहेको बेला "खुसि मागेको थिएँ" भिडियो सार्वजनिक हुनु एउटा सुखद कुराको रुपमा लिनु पर्छ भनि भन्नु भयो।

यस गीतका संगीतकार अनिल तुलाधर हुनु हुन्छ भने उहाँले नै संगीत एरेन्ज गर्न गर्नु भएको हो। यस गीतमा गायिका दिपा महर्जनको स्वर रहेको छ। यो गीतको रेकर्ड, मिक्सीङ र मास्टरिङ विजय मास्कीले गर्नु भएको हो।

गीतको भिडियोमा चर्चित मोडल आराध्य लक्ष्मी खड्गी, सन्देश श्रेष्ठका साथ सुरेन्द्र श्रेष्ठ, सरु भारती र निर्मल रंजीतको अभिनय रहेको छ भने नृत्यको कोरियोग्राफि वनि उहाँले नै गर्नु भएको हो।

यो म्युजिक भिडियोका लागि श्रृंगार सनम कुमार श्रेष्ठ, छायांकन, सम्पादन र कलरिङ सोहन मानन्धरको रहेको छ। यो म्यूजिक भिडियो नेवाः संगीत संकिपा तिबः पुचःको व्यानरमा निर्माण भएको छ।

यो नयाँ गीतमा नयाँ तरिकाले शब्द र संगीतको भावनात्मक अभिव्यक्त प्रस्तुती लगायत भिजुलाइजबाट आफू निकै प्रभावित भएको निर्माता तथा रचनाकार मोहन के. श्रेष्ठले बताउनु भयो। यो "खुसि मागेको थिएं"."म्युजिक भिडियो सार्वजनिक समारोहमा संगीतकार अनिल तुलाधरले स्वागत मन्तव्य राख्नु भएको थियो भने रचनाकार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

रुद्रायणी देवगण र कलाकारहरु सम्मानित

• **रिदेन महर्जन**

ललितपुर/खोकना सिकाली चौरमा इतिहासमै प्रथम पटक रुद्रायणी देवगण ४६ जना तथा अयूला लुवया, हेरा माया मैचा म्यूजिक भिडियो बनाउने टोलीलाई माघ ६ गते शनिवार विशेष सम्मान गरेको छ।

संस्कृति बचाउन निरन्तर रूपमा लागि रहनु भएका रूद्रायणी देवगणहरूलाई नेवाः परम्परा अनुसार दोसल्ला ओढाएर सम्मान गरिएको कार्यक्रममा श्री रुद्रायणी देवगण परिवारका अध्यक्ष उदय कुमार महर्जनले धन भएर नभई भित्री हृदयदेखि हामी सम्पूर्ण रुद्रायणी देवगण (परिवार)लाई सम्मानित गरिएकोमा कार्यक्रमका सभापति कृष्ण डंगोलको हरेक पाइलामा उत्तरोत्तर प्रगति तथा सफलता कामना गरी कुटुपुखू भजन खलःले विश्वभर ख्वनालाई विश्व प्रचार गर्न सफल भएकोमा हार्दिक आभार व्यक्त गरे।

कार्यक्रममा हेरा माया मयूजु म्यूजिक भिडियो निर्माणका संयोजक संयोजक राजकुमार डंगोल, गायक रोजमान महर्जन, गायिका निशा देशार, गायक किरण अमात्यलाई विशेष सम्मान गरिएको थियो। कार्यक्रममा अयूलाः लूवया, हेरामाया मयूजु लगायत विविध कलाकारहरुको सांगीतिक प्रस्तुति समेत प्रस्तुत गरिएको थियो।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

गायक योगेश वैद्य रहेनन्

• **मेरो संवाददाता**

काठमाडौं/नेपाली संगीत क्षेत्रका मुर्धन्य व्यक्तित्व गायक योगेश वैद्यको बिहिवार राति उपचारका क्रममा निधन भएको छ।

विहीबार दिउँसो बान्ता भएर बेहोस भए पनि यस्तो समस्या पहिले पनि देखिएकाले ठीक हुने आशा परिवारले गरेको तर पछि श्वास फेर्न गाह्रो भएकोले काठमाडौं भ्याली अस्पताल लगे पनि उपचारका क्रममा राति १२:३० बजे उहाँको निधन भएको उहाँकी शिष्या रिता महर्जनले बताउनु भयो।

गायक वैद्य ७७ वर्षका हुनुहुन्छ। उहाँको दुई छोरी र एक छोरा छन्। यही माघ १ गते मात्र उहाँलाई गंकी धुस्वां-बसुन्धरा प्रतिष्ठानले 'धुस्वां सायमि सिर्जना सिरपाः' प्रदान गरेको थियो।

स्व. योगेश वैद्यले नेपालभाषा र खस नेपाली भाषाका धेरै लोकप्रिय गीत गाउनु भएको छ। नेपाली भाषामा उहाँको 'सपना भुलाइ सारा...', 'मेरो आँशुमा नहाँसे...', 'नेपाल मेरो उपहार भो...' अत्यन्त लोकप्रिय छन् । यस्तै नेपालभाषामा 'जय नमो सिरि बुद्ध भगवान...', 'जिमि यःम्ह थौं जिथाय्

वइ...' आदि लोकप्रिय छन्।

पछिल्लो समय उहाँ गायिका रीता महर्जनसँग मिलेर नयाँ नेवार गीत कम्पोज गर्ने र पुराना गीत नयाँ ढंगले गाउने कार्य गर्दै आउनु भएको थियो।

गायक वैद्यको अन्तिम संस्कार शुक्रवार गरिएको थियो। शुक्रवार उहाँको पार्थिव शरीर अन्तिम श्रद्धाञ्जलीका लागि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा राखिएको थियो। उहाँप्रति श्रद्धा अर्पण गर्न नेपाल संगीतकार संघले उहाँको लोकप्रिय गीत 'सपना भुलाई सारा...' गाएका थिए। उहाँको पार्थिव शरीरमा ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले राष्ट्रिय झण्डा ओढाएर सम्मान गर्नुभएको थियो।

गायक वैद्यको अन्तिम संस्कार शुक्रवारै पशुपति आर्यघाटमा गरिएको थियो।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
Newa FM 106.6 MHz
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ह.ःवाखा ।
फोन न्याः ४३३०२२१, ४३३४०००
इ-मल : ankmedia.newafm@gmail.com
ANK MEDIA Media for Social Good
ह्याम्रो पात्रो
WOW

हार्दिक श्रद्धाञ्जली

वरिष्ठ गायक/साहित्यकार योगेश वैद्य

वि.सं. २००३ असार २४ - वि.सं. २०८० माघ ४

गायक योगेश वैद्य : नेपाली साहित्य र संगीतका साधक

• **मेरो साप्ताहिक डेस्क**

नेपाली संगीत तथा साहित्य जगतले २०८० माघ ४ गते एक श्रष्टालाई गुमाउन पुगेको छ। माघ ४ को मध्यरातमा १२:३० बजे नेपाली साहित्य र संगीतका अनवरत साधक वरिष्ठ गायक योगेश वैद्यलाई गुमाउन पुग्यो। मृदुभाषी र कोमल हृदयका धनी उहाँ लामो समयदेखि स्वास्थ्यका कारण घरमै हुनुहुन्थ्यो। तथापि उहाँ संगीत र साहित्यको सृजनामा निरन्तर क्रियाशील नै हुनुहुन्थ्यो। उहाँको गत भाद्रमा प्रकाशित आत्मवृतान्त पुस्तक 'मानसपटमा अभिलिखित मेरा विगतका स्वर्णिम पानाहरु पल्टाउँदा' ले उहाँको योगदानलाई जनस्तरमा पुऱ्याउन ठूलो मद्दत पुऱ्याएको छ। नेपाली र नेपालभाषाको संगीत र साहित्यकोा साधनामा सदा नै तल्लिन वैद्यको जन्म काठमाडौंको सांस्कृतिक केन्द्र, नरदेवी टोलको वैद्य चोकमा वि.सं. २००३ साल असार २४ गते नागपञ्चमीका दिन इन्दिरानन्द वैद्य र रुक्मिणी वैद्यको तेस्रो सन्तान छोराको रूपमा भएको थियो। उहाँको एक छोरा लोकेश वैद्य र दुई छोरी लब्लिना वैद्य श्रेष्ठ र जस्मिन वैद्य श्रेष्ठ हुनुहुन्छ।

२०११ सालदेखि शान्तिनिकुञ्ज सह-शिक्षालयबाट प्रारम्भिक शिक्षा हासिल गर्नुभएका उहाँले अस्कलबाट आई.एस्सी र त्रिचन्द्र कलेजबाट बीएस्सी गर्नुभएको थियो भने उहाँले त्रिभुवन विश्वविद्यालयबाट बोटानीमा स्नातकोत्तरसम्मको अध्ययन गर्नुभएको थियो।

सांगीतिक जीवन :

२००७/०८ सालमा नरदेवीको श्वेतकाली मन्दिर नजिक रहेको भजन काकासँगै गएर भजन सुन्न र हेर्न थालेका वैद्यले २०१४ सालमा शान्ति निकुञ्जमा अध्ययन गरिरहेको समयमा चीनी प्रधानमन्त्री चाऊ एन लाईको स्वागतको लागि आयोजित कार्यक्रममा गीत प्रस्तुत गरी संगीत जगतमा पाइला सार्नुभएको थियो। उहाँले दर्शनदास श्रेष्ठ, संगीत प्रवीण नरराज ढकालसँग प्रारम्भिक सांगीतिक ज्ञान हासिल गर्नुभएको थियो। यसका साथै २०१५ सालदेखि नै टोलमा आयोजना हुने विभिन्न सांस्कृतिक कार्यक्रमहरुमा पनि उहाँले आफ्नो गायकी प्रस्तुत गर्नुभएको थियो।

२०२४/२५ सालमा त्रिविविमा अध्ययन गरिरहँदा गोपाल योञ्जन, हिरण्य भोजपुरे, इन्द्रनारायण मानन्धर, डा. अभि सुवेदी, यज्ञरत्न धाख्वाः र बेञ्जु शर्मा उहाँका सहपाठी थिए।

वनस्पतिशास्त्रमा स्नातकोत्तरको अध्ययन पूरा भएपश्चात् २०२७ सालमा लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी उहाँ २०२८ श्रावणमा सहायक खाद्य अनुसन्धान अधिकृत पदमा केन्द्रीय खाद्य अनुसन्धान-शालामा नियुक्त हुनुभएको थियो। यहाँ रहँदा पनि उहाँको पहलमा खाद्य सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि गीत रेकर्ड गराउन



जनकवि दुर्गालाल श्रेष्ठसँग कविताको विषयमा छलफल गर्नुहुँदै गायक योगेश वैद्य।

उहाँले पहल गर्नुभएको थियो।

राज्यको विभेदकारी नीतिको कारण नेपालभाषा संगीत कुण्ठीत भएको अवस्थामा उहाँ समेतको सक्रियतामा "नेपालभाषा म्ये गुथि" गठन गरिएको थियो। जुन गुथिले घरकै छिँडीमा रेकर्ड गरी एल्बम उत्पादन गर्ने कार्य समेत गरेर मातृभाषाको संगीतको उत्थानको लागि योगदान गरेको थियो।

उहाँले आफ्नै शब्द-रचना र लयमा गाएको पहिलो नेपुालभाषाको गीत थियो "व वइतिनि, अनुरागया स्वां ह्वइतिनि।" यसैगरी उहाँले २०२२ सालमा पहिलो नेपाली गीत किरण खरेलको शब्द-रचना र नातिकाजीको संगीतको "कति प्यासी छ जिन्दगी" रेकर्ड गराउनु भएको थियो। यसपछि उहाँले नेपालभाषामा दुर्गालाल श्रेष्ठको गीत-रचना र आफ्नै संगीतको गीत "छ न्हुगु छैंय् छन्हु वनीतिनि" र "जीवन जिगु नीरस हे जुइब्यु" पनि गाउनु भएको थियो। यसपछि उहाँ फुर्सदका समयमा साहित्य र संगीत सृजनामा निरन्तर सक्रियताका साथ अगाडि बढिरहनु भयो। रेडियो नेपाल र रत्न रेकर्डिङ्ग संस्थानमा उहाँका सयौं गीत रेकर्ड भए।

उहाँको नेतृत्वमा राष्ट्रिय नाचघरमा २०३३ सालमा गायन क्षेत्रका कलाकारहरूको एक बृहद् भेलाले 'स्वर संगठन नेपाल' नामक संस्था स्थापना गरिएको थियो।

आफ्नो मात्र होइन नेपाली संगीतकै संरक्षण गरिनुपर्छ भन्ने भावना राख्नुहुने गायक वैद्यको संयोजकत्वमा २०६२ सालमा सञ्चार मन्त्रालयले रेडियो नेपाल, नेपाल टेलिभिजन र चलचित्र विकास बोर्डको प्रतिनिधिसहितको एउटा कार्य समिति गठन गरेको थियो। जुन समितिले वस्तुस्थितिको अध्ययन गरी स्टोर गरिएका डिस्क रेकर्डहरूको अवस्था अनुगमन गरी त्यसलाई सुरक्षित पार्ने प्रयास गरेको थियो। तर डिस्क रेकर्डहरु लावारिस, अधोगति र दुर्दशाबाट कलाकारहरूको बहुमूल्य सिर्जनाको यस्तो अपमानजनक अवस्था देखेर कुनै उपाय नै बाकी नरहेको कारणले उहाँले राजीनामा दिनुभयो।

२०४० सालदेखि केही वर्षसम्म उहाँ गीतकार एवं संगीतकार जी. शाह (तत्कालीन श्री ५ अधिराजकुमार ज्ञानेद्र वीर विक्रम शाह)को सांगीतिक संगत र अभ्यासमा रहनु भएको थियो। उहाँले जी. शाहका जम्मा १८ वटा गीति रचनाहरू रेकर्ड गर्नुभएको थियो।

उहाँको २०४४ साल कार्तिक २३ गते रेकर्ड भएर रेडियो नेपालद्वारा प्रसारित शिव अधिकारीको शब्द-रचना र नातिकाजीको संगीतको "सपना भुलाई सारा" चर्चाको शिखरमा रह्यो श्रोतामाझ निकै लोकप्रिय पनि भयो, योगेश वैद्यको गीतियात्राको मध्यावधिको अविस्मरणीय गीत साबित हुन गयो र आजसम्म पनि यस गीतको माधुर्य र मर्मले जनजिब्रो रसाइरह्यो।

उहाँको प्रारम्भिक चरणको सांगीतिक यात्राका क्रममा रेडियो नेपाल र रत्न रेकर्डिङ्ग संस्थानमा गीत रेकर्डिङ्गको सिलसिला २०४५ सालसम्म मात्र रह्यो। यस अवधिमा उहाँका करीब २५० वटा नेपाली र ५० वटा जति नेपालभाषाका गीतहरू रेकर्ड भई प्रसारित भएका थिए।

सांगीतिक यात्राको दोश्रो चरण २०५१ सालमा नयाँ पीढीका लोकप्रिय संगीतकार शम्भूजीत बासकोटासँग अगाडि बढेको थियो। यसक्रममा गीतकार उन्नति बोहरा र शम्भूजीत बासकोटाको संगीतमा उहाँको एकल स्वरको एक गीति संग्रह सीडी एल्बम "यो लामो जीवनमा" प्रकाशन भएको थियो। यसपछि उहाँ निरन्तर गीत, संगीतमा सक्रिय रहनु भएको थियो।

२०७० साल उपरान्त उहाँ आफैले गीत र संगीत सृजना गर्नेतर्फ अभ्यस्त हुनु भयो यसै बीच नेपाली र नेपालभाषाका केही गीति एल्बमहरू पनि उहाँले प्रकाशन गर्नुभयो।

२०७१ साल कार्तिक २९ गते शुक्रवार उहाँको पहिलो पुस्तकको रूपमा गीति कविता संग्रह "समय प्रवाहमा छुटेका पलहरू" नातिकाजी स्मृति समाजको सहयोगमा प्रकाशित भएको थियो। गत २०७९ सालमा उहाँले नेपालभाषाका प्रतिभाशाली गद्यकवि पूर्ण वैद्यको प्रथम वार्षिक पुण्य तिथिमा "जि बाः वइगु खुसि खः" उहाँ आफैले गाएर कवि वैद्यप्रति समर्पित गर्नुभएको थियो।

जीवनको उत्तरार्द्धमा उहाँ पाँगा, कीर्तिपुरका संगीतगुरु शुकराम महर्जनद्वारा रचित आफ्नै परिवेशको लोकसंस्कृतिसँग गाँसिएको जीवनचर्या प्रतिबिम्बित विशेष शैली तथा राष्ट्रप्रेमका गीतहरू लयबद्ध गरी सहयोग गर्नको लागि पाँगामै जन्मिनु भएकी गायिका रिता महर्जनले सम्पर्क गर्नुभएको थियो। जसलाई उहाँले स्वीकार गरी संगीत संयोजनको काम सम्पन्न भएको थियो। यो संग्रह यसै वर्ष प्रकाशनमा ल्याउने उहाँको योजना रहेको थियो।

उहाँले आफ्नो जीवनकालमा नेपालीमा ४५० र नेपालभाषामा ७० गरी जम्मा ५२०वटा गीतहरू गाउनु भएको थियो।

सम्मान तथा पुरस्कार

गायक योगेश वैद्यले २०२६ सालमा हुतराजको संगीत र उत्तमलाल श्रेष्ठको शब्द-रचनाको "यो दोभानमा टेक्दाटेक्दै" गीत गाएर अखिल नेपाल आधुनिक गीत प्रतियोगितामा द्वितीय स्थान प्राप्त गर्न सफल हुनुभएको थियो। यो नै उहाँको सांगीतिक जीवनको पहिलो पुरस्कार थियो। यसपछि उहाँले २०२८ सालमा अखिल नेपाल राष्ट्रिय गीत प्रतियोगितामा नातिकाजीद्वारा संगीतबद्ध म.वी.वि. शाह रचित "नेपाल मेरो तिमीलाई" गीत गाएर प्रथम पुरस्कार प्राप्त गर्नुभएको थियो।

उहाँ सुप्रबल गोर्खा दक्षिण बाहु (तेस्रो), त्रिशक्ति पट्ट (तृतीय), छिन्नलता गीति पुरस्कार, २०५१, श्री ५ महेन्द्र चिरस्मरण समिति २०५८, राष्ट्रिय नागरिक स्वर सम्मान २०६१, नागरिक मञ्च नेपाल, भारती उपाध्याय कला प्रवर्द्धन सम्मान, २०६३, संगीत सम्मान, २०६५ भक्तपुर नगरपालिका, साधना सम्मान, हारती सम्मान, राष्ट्रिय नागरिक स्वर्ण सम्मान, रियाज संगीत सम्मान, नवीन कला मन्दिर गायन पुरस्कार, ईमेज लाईफ टाईम सम्मान, कालिका एफ.एम.लाईफ टाईम सम्मान, नातिकाजी संगीत सम्मान, ओम ज्ञान मन्दिर संगीत सम्मान २०६९, ओम ज्ञान मन्दिर माध्यमिक विद्यालय, लोकहन्थली, मध्यपुर थिमि, भक्तपुर, नारायणगोपाल संगीत सम्मान, २०६९, गोरखापत्र संस्थानको ५२ औं वार्षिकोत्सवमा संस्थानद्वारा प्रशंसा-पत्र, २०७१, रूपक स्मृति सम्मान २०७२, महिला गीतकार संगीत सम्मान, राष्ट्रिय साङ्गीतिक विशिष्ट सम्मान-पत्र, २०७३, नेपाल सांस्कृतिक संस्थान, नेपाल सांगीतिक संघ तथा नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिस्थान, क्यापिटल इभेन्ट दीर्घ संगीत सम्मान २०७३, हरिप्रसाद-कल्याणी रिमाल नाट्य-सङ्गीत पुरस्कार २०७३, अभिनन्दन, ग्रीन सिटी हस्पिटल, वसुन्धरा, काठमाडौं, २०७३, सीता संगीत स्मृति सम्मान २०७४, रेडियो अन्नपूर्ण नेपाल दीर्घ साधना सम्मान २०७५, भ्वाइस अफ फ्यूचर स्टार सम्मान २०७५, संगीत सम्मान, प्रस्तोता समाज नेपाल, २०७५, लाईफ टाईम एचिभमेन्ट अवार्ड, ब्लड एन ठन्डर म्यूजिक अकेडमि, २०७६, २०७७ सालमा विन्ध्यवासिनी संगीतको ११औं वार्षिकोत्सवको अवसरमा लाईफ टाईम अचिभ्मेण्ट सम्मान,

प्रकाशित कृति :

- नेपालमा पाइने केरोटिनप्रधान खाद्यवस्तुहरु
- समय प्रवाहमा छुटेका पलहरू - गीति कविता संग्रह (पुस्तक)
- समय प्रवाहमा छुटेका पलहरू - कविता वाचन (सि.डि.)
- Empowering Vitamin A-सह-लेखक
- Some Fuzzy Lines- कवि दुर्गालाल श्रेष्ठको कविता संग्रह, अँग्रेजी अनुवादक योगेश वैद्य, २०२३
- Bhutanese Refugee problems & its amicable solutions (DHS Dhakal) योगेश वैद्यद्वारा सम्पादित पुस्तक, २०२२

प्रकाशोन्मुख :

- उच्छ्वास -गीति कविता संग्रह
- चियाको चुस्की - कथा संग्रह

सांगीतिक कृति :

- एक्लो मन एक्लो लगन
- मर्म
- उनलाई सम्झिंदा
- यो लामो जीवनमा
- देछा (नेपालभाषा)
- फर्गटन मेलोडिज (नेपालभाषा)
- रिता आयूट हर बेस्ट (एकल संगीत, नेपालभाषा)
- यो साँझको मधुरिम छटामा (एकल संगीत एवं रचना)
- जि बाः वइगु खुसि खः (एकल संगीत नेपालभाषा)
- को आफ्ना को पराया (एकल संगीत एवं रचना)
- अन्य विविध सि.डि.हरूमा स्वर समावेश

गीति-नाट्य रचना संगीत

- पिँजडाको सुगा
- डाँफेचरी
- निमन्त्रणा
- ब्याहांचुलि

संस्थागत आबद्धता

उहाँ नेपाल स्वर संगठनका संयोजक हुनुहुन्थ्यो भने नेपाल संगीतिक संघ, नातिकाजी संगीत समाज र प्रेमध्वज स्मृति प्रतिष्ठानका सल्लाहकारका रुपमा पनि क्रियाशील हुनुहुन्थ्यो।

भ्रमण गरेका मुलुकहरू :

उहाँको आफ्नो जीवनकालमा भारत, बांगलादेश, पाकिस्तान, श्रीलंका, थाइलैन्ड, हङ्गकङ्ग, सिंगापुर, मलेशिया, फिलिपिन्स, इन्डोनेशिया, जापान, केन्या, इटाली, प.जर्मनी, फ्रान्स, बेलायत, बेल्जियम, नेडरल्यान्ड, लक्सम्बर्गको भ्रमण गर्नुभएको थियो।

(गायक योगेश वैद्यको आत्मवृतान्तमा आधारित)

किलाघः त्वाःया गुरु परम्परा

✍ **लक्ष्मीनारायण महर्जन**

किलाघः त्वाः यैं देयृया परम्परागत स्वीनिगू त्वाः मध्ये छगू त्वाः खः । थुकिया भौगोलिक लागा स्वयेगु खःसा तसकं हे चीधं थें खनेदइ। तर सांस्कृतिक परम्पराया ल्याखं स्वयेगु खःसा थन विश्वया हे अनुपम संस्कृतित खंके फइ। थुज्वःगु संस्कृति भौतिक सम्पदा ला थःगु हे थासयृ दु अभौतिक वा अमुर्त सम्पदा गुगु खः उकिया संरक्षणया निंतिं नं भीसं उलि हे ध्यान बीमाः ।

थुज्वःगु अमूर्त सम्पदाया संरक्षक व पुस्तान्तरण यानावयाच्वंपिं धयापिं त्वाःत्वालयृ च्वंपिं सांस्कृतिक गुरुपिं हे खः । उकिसनं यैं देयृया संस्कृतिया संवाहकया रुपयृ ज्यापुत न्ह्यज्यानाच्वंगु दु । ज्यापु समुदाय दुने थःगु हे कथंया गुरु परम्परा दु । थुगु च्वसुइ थुगु हे गुरु परम्परा व जि थः गुरु जुयाः न्ह्याकागु ज्याया अनुभूति छुं भचा इनेगु कुतः यानाच्वना ।

यैं देयृया परम्परागत त्वाःया मू बाजं धइगु माधिमे हे खः । थुकिया प्रशिक्षणयात हे मूलरुपं सांस्कृतिक प्रशिक्षणया रुपयृ कयातःगु दु । थ्व भिंनिदँयृ छक्वः जक जुइगु याः । भिंनिदँया पूजा मजुइकं मूधिमेया प्रशिक्षण बी मज्यू । किलाघः त्वालयृ धिमे धुंन्याया परम्परायृ मू गुरुया ल्यज्या थ्व हे भिंनिदँया धिमे स्यनेज्यायृ दकले बांलाःम्ह स्यनामियात मूसी व गुरुपाखें धिमे लःल्हानाः यायेगु यानावयाच्वंगु खः ।

जिं २०१५ सालयृ धिमे सयेकागु खः । उबलेया गुरु नाति ककां जिमित धिमे स्यना ब्यूगु खः । २०२७ सालयृ वयृकः दिवंगत जुइ धुंकाः जितः हे गुरुकथं ज्या यायेत सःतूगु खः । जि स्वयां न्ह्यःयाम्ह दाजु नं मदये धुंकूगुलिं जितः ग्वारा तःबाः व राजा तःबाः नं सःतूगु खः । उबले जि ल्यायृम्ह हे तिनि । जितः त्वाःयापिसं याये फु कि मफु धकाः न्यंगु इलयृ जि भचा ग्यात । अले जिं मूगुरुया पद ग्रहण यायेगु आँट याये मफुत । अले ग्वारा तःबाःनं हे गुरुया भाला कयादिल । अनं लिपा राम तःबाःयात गुरु जुल । अनंलिपा हेरारत्नयात गुरु ल्यःगु खः । वयृकः मदये धुंकाः हाकनं जितः मूगुरुया अभिभारा लःल्हाःगु खः । वहे कथं जिं थौंया न्हितक मूगुरुया भाला कुबिया च्वनागु दु ।

मूगुरुया मू भाला धइगु भिंनिदँया बाजं स्यनाबीगु हे खः । भिंनिदँया बाजं स्यनीबलयृ सेखिमस्त फुक्कसियां नासःद्यःयात कलः पुजा याइ । थुबले मूगुरुयात छगः व नासःद्यःयात छगः यानाः कलखयृ निगः किसलिं तयेमाः । थथे विधिवतरुपं बाजं स्यनेज्या न्ह्याये धुंकाः बापुजा, क्षमापुजा व पिदने पुजाबलयृ धाःसा कलः जक पुजा जुइ । बापुजा बलयृ दुगु बलि बियाः पुजा यायेमाः । थुबले निम्ह, क्षमापुजा व पिदने पुजाबलयृ निम्ह यानाः बाजं स्यनीबलयृ खुम्ह ला दुगु हे स्यायेमाः ।

गुरुया पद न्हापा हे लःल्हाःगु जूसां २०७४ सालयृ धिमे स्यनेज्या याये धुंकाः तिनि थःत जि गुरु खः धइथें ताल । त्वाःया मू बाजं धइगु धिमे हे खः । दाफा, खिं, बाँसुरी आदि धइगु थःयसें दयेके ज्यूगु बाजं खः । मू धिमे स्यनेगु निंतिं भिंनिदँया वःलाः धुंकाः वःलाः सपना मलायेकं याये मज्यू । थुगु बाजं स्यनीबलयृ त्वाःया वःलाः पूवने धुंकूपिं जक स्यनेगु याइ । थथे बाजं स्यनीबलयृ मूधिमे सुनां क्वखाइ व हे मूगुरु जुइगु खः ।

मूगुरु जूम्हेसित त्वाःया पूजाआजायृ प्रमुख प्राथमिकता बियावयाच्वंगु दुसा नासः पुजाबलयृ मू सी बीगु, छुं नं ज्याखँ न्ह्याकेमाल धाःसा सरसल्लाह यायेगु यानाः हनाबना तयावयाच्वंगु दु । मूधिमे धुंकाः त्वाःयात मदयेक मगाःगु बाजं धइगु दाफा हे खः । किलाघः त्वालयृ धिमेलिसें थ्वचा थ्वचा जुयाः थःथःगु हे कथं दाफा, बासुरी, चिग्वः धिमे आदि स्यनेज्या जुयाच्वंगु दु । मूधिमे धइगु भीगु परम्परागत बाजं खः । थ्व हत्तपत्त पित हये मज्यू । तर दाफा, बासुरी, चिग्वः धिमे आदि धाःसा माःगु इलयृ पिहाँ वने ज्यू । थ्व ल्याखं त्वालयृ धिमेया लिसेलिसें दाफा, बासुरी व चिग्वः धिमेलिसेंया बाजं थाइपिं नं तयार यायेमाःगु खः ।

न्हापा किलाघः त्वालयृ सकलें हे दुथ्याःगु दाफा दुगु खः । तर थौंया इलयृ स्वयेगु खःसा दाफा, बासुरी खलः थ्वःचा थ्वःचा जुयाच्वंगु खनेदु । त्वाःयात छुं यायेत दाफा वा बासुरी माल धाःसा त्वालं धाये सातकि तयार जुइकथं दाफा, बासुरी व चिग्वः धिमेया कलाकारपिं नं भीसं उत्पादन याना वनेमाःगु आवश्यकता दु ।

आः भीगु त्वाः छैं नं तयार जुइ धुंकूगु दु । ल्यायृम्ह पुस्तायात मू धिमे स्यनेगु बाहेकं मेमेगु सांस्कृतिक बाजंत स्यनेगु निंतिं त्वालं हे पहलकदमी न्ह्याका त्वालयृ हे थुज्वःगु प्रशिक्षणया ज्याइवःत न्ह्याका वनेगु पाखे बिचाः यायेमाः । किलाघः त्वाःया बाजं खलःतयृत छथायृ हये फत धाःसा भीगु सांस्कृतिक सम्पदा संरक्षणया निंतिं अभ नं उलि हे धिसिलाक्क न्ह्यज्याके फइतिनि ।

(च्वमि किलाघः त्वाःया मूगुरु जुयादी ।)



नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११३

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गिन्नि, सं. (-)	लुम्बः, लुंदां ।	सुनको मुद्रा, गिन्नी ।
गियेँ, क्रि. (त)	नं दये, ध्व ध्व मध्व धाये ।	सड्नु, कुहिनु ।
गिसा, सं. (पु)	१ च्वामुगु नीब तयाः च्वेगु ध्वसा ।	मसिनु निब जड्ने कलम ।
	२. लिपा यायृगु ज्याइवः ।	खाका, रूपरेखा ।
	३. चिं खेलेगु ज्याभः ।	चिनो लाउने औजार ।
गिसु, सं. (पु-)	१. खेम्ना ।	मस्यौदा, प्रालेख ।
	२. ध्वः, चिं ।	धर्को, चिन्ह ।
गिं, सं. (गिन)	चिधना वनीगु बां ।	मसिनिदै जाने बान्की ।
गिं काये, क्रि. (ल)	गिने ।	टुप्पो मसिन्याउनु ।
गिं बिये, क्रि. (ल)	गिं काये ।	भिनो पार्नु ।
गी, अ.	नवइगु ।	गन्हाउनु ।
गी नवये, क्रि. (ल)	ध्वगिये ।	सड्नु, कुहिनु ।
गी सु, सं. (-गू)	ध्वगीगुया भाव ।	कुहिनु ।

हलिं नेवाः गुथि गतिविधि

नेवाः एकता दिवस हनेज्या

• **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथि भ्वँत कचाया ग्वसालयृ वंगु माघ ५ गते तःजिक नेवाः एकता दिवस हनेज्या याःगु दु ।

हलिं नेवाः गुथि भ्वँतया नायः भाजु रामकाजी श्रेष्ठया सभानायःसुइ जूगु ज्याइवलयृ मूनायः विनोद महर्जन मूपाहाँकथं भायादीगु खः ।

मूपाहाँ महर्जनं नेवाःतयृत राजनीतिक रुपं सचेत यायेत नेवाः एकता दिवस हनावयाच्वंगु खँ कनादिल ।

नेपाल संवत् ११३० पोहेंलाथ्व नवमि खुन्हु यैंया दशरथ रंगशालायृ स्वनिगःया नेवाःत मुनाः नेवाः स्वायत्त राज्य घोषणा याःगु लुमन्तिइ ने.सं. ११३१ निसें दँयृदसं नेवाः एकता दिवस हनेज्या यानावयाच्वंगु खः ।

हलिं नेवाः दिवसया लसतायृ हलिं नेवाः गुथि पनौति कचाया न्ह्यलुवायृ पनौतिइ नेवाः एकता दिवस हनेज्या जुयाच्वंगु नं वयृकलं ज्याइवलयृ जानकारी बियादीगु खः ।

ज्याइवलयृ भ्वँत कचाया जगनाथ श्रेष्ठं लसकुस यानादीगु खः । ज्याइवः क्वचायृकाः नेवाः एकता दिवसया लसतायृ तःजिक नेवाः भ्वयृ नं नकूगु खः ।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमयृजुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना । नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ । लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना ।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

युु-१५ विश्वकप क्रिकेट

पहिलो खेलमा न्युजिल्यान्डसँग नेपालको हार

- **मेरो संवाददाता**

काठमाडौं/आठ वर्षपछि आइसिसी युु-१९ विश्वकप क्रिकेट प्रतियोगितामा फर्किएको नेपाल आइतबार न्युजिल्यान्डसँग ६४ रनले पराजित भएको छ। नेपालले आफ्नो दोस्रो खेल बुधबार पाकिस्तानविरुद्ध खेल्ने छ। नेपाल रहेको समूह डीमा अफगानिस्तान पनि रहेको छ। एक दिनअघि भएको खेलमा पाकिस्तानले अफगानिस्तानलाई १८१ रनले हराएको थियो।

दक्षिण अफ्रिकाको इस्ट लन्डनस्थित बफेलो पार्कमा भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले आठ विकेटको क्षतिमा ३०२ रनको विशाल योगफल तयार पारेको थियो। नेपालले जवाफमा नौ विकेटको क्षतिमा २३८ रन बनायो। विश्वकप युु-१९ क्रिकेटमा न्युजिल्यान्डले नेपाललाई हराएको यो पहिलो पटक हो। यसअघि यी दुई देशबिच दुई पटक भएको भिडन्तमा नेपालले बाजी मारेको थियो। सन् २००६ र सन् २०१६ मा भएको युु-१९ विश्वकपमा नेपालले न्युजिल्यान्डलाई हराएको थियो। टेस्ट मान्यताप्राप्त न्युजिल्यान्डविरुद्ध आइतबार भएको खेलमा नेपालले जितको ह्याट्रिक बनाउन सकेन। न्युजिल्यान्डका 'वन डाउन' ब्याट्सम्यान स्नेहित रेड्डीले अविजित १४७ रनको पालि खेलेपछि नेपाललाई पहिलो खेल कठिन बनेको हो। ब्याटिङ पिचमा न्युजिल्यान्डका दुवै प्रारम्भिक ब्याट्सम्यान टम जोन्स र ल्युक वाट्सन नेपालका तेज बलरविरुद्ध सहज देखिनुभएको थियो। यी दुवैले पहिलो पावर प्लेअफमा नै ५३ रन बटुले। स्पिनर सुभाष भण्डारीले ११ औँ ओभरमा वाट्सनलाई १४ रनमा बोल्ड गरेपछि पहिलो विकेटको साझेदारी भङ्ग भएको थियो।

लेग स्पिनर तिलक भण्डारीले नेपाललाई दोस्रो सफलता दिलाउनुभयो। तिलकले अर्का प्रारम्भिक ब्याट्सम्यान जोन्सलाई ३३ रनमा बोल्ड गर्नुभयो। त्यसपछि अर्का स्पिनर दिपेश कँडेलले ओलिभर टिवेटयालाई शून्यमा सिकार बनाएपछि फटाफट तीन विकेट निकालेर नेपाल राम्रो स्थितिमा पुगेको थियो। तर रेड्डीले कप्तान ओस्कार जोन्सनसँग मिलेर चौथो विकेटका लागि १५७ रनको साझेदारी निर्वाह गरेपछि नेपालले खेलमा आफ्नो पकड गुमायो। सो साझेदारीमा रेड्डी र ज्याक्सनले चौका र छक्काको वर्षात् गरेर नेपाली बलर हरूको मनोबल कमजोर पार्नुभएको थियो। रेड्डीले १२५ बलको सामना गरी ११ चौका र पाँच छक्का प्रहार गर्नुभयो। ज्याक्सनको पालिमा पाँच छक्का र तीन चौका सामेल थियो। न्युजिल्यानडले अन्तिम १० ओभरमा ९९ रन जोडेको हो। नेपालका लागि सुभाषले १० ओभरमा ६० रन खर्चेर सर्वाधिक तीन विकेट लिनुभयो। गुल्सन झाले पनि दुई विकेट लिनुभयो। आकाश त्रिपाठीको भागमा पनि एक विकेट पऱ्यो।

प्रधानमन्त्री कप क्रिकेटको शीर्षमा पुलिस क्लब

- **मेरो संवाददाता**

काठमाडौं/सोमवार सिद्धार्थ रंगशालामा भएको प्रधानमन्त्री कपको प्रतियोगितामा एपीएफ क्लबलाई ५८ रनले पराजित गर्दै नेपाल प्रहरी अंक तालिकाको शीर्षस्थानमा रहन सफल भएको छ।

नेपाल प्रहरीले लगातार चार वटा खेलमा जीत हात पार्दै शीर्ष स्थानमा पुग्न सफल भएको हो। चार खेलबाट आठ अंक जोडेको पुलिस क्लब रनरेटका आधारमा शीर्षस्थानमा पुगेको हो।

अंक तालिकाको दोश्रो स्थानमा रनरेटका आधारमा बागमति प्रदेश रहेको छ। सोमवार मूलपानीमा भएको खेलमा कर्णाली प्रदेशलाई सात विकेटले पराजित गर्दै बागमती ८ अंकका साथ दोश्रो स्थानमा पुग्न सफल भएको हो।

समान ८ अंक नै रहेको मधेश प्रदेश पनि चार खेलमा जीत

हात पार्दै रनरेटका आधारमा तेश्रो स्थानमा रहेको छ। मधेश प्रदेशले सोमवार त्रिवि मैदानमा भएको खेलमा सुदुर पश्चिमलाई ८० रनले पराजित गर्दै तेश्रो स्थान हासिल गर्न सफल भएको हो। अंकतालिकाको चौथो स्थानमा सुदुर पश्चिम रहेको छ। चार खेल मध्ये तीन वटामा जीत हात पार्दै सुदुरपश्चिमले ६ अंक बनाएको छ।

यसैगरी चार खेलबाट चार/चार अंक बनाएको त्रिभुवन आर्मी क्लब र एपीएफ क्लब रनरेटका आधारमा पाँचौं र छैठौं स्थानमा रहेको छ भने पाँच खेलबाट समान चार अंक बनाएको कर्णाली प्रदेश सातौं स्थानमा रहेको छ। अंक तालिकाको आठौं र नवौं स्थानमा समान दुई अंकका साथ गण्डकी र लुम्बिनी प्रदेश रहेको छ। दुवै टोलीले एक एक खेलमा जीत हात पारेका छन्। अंक तालिकाको पुछारमा हालसम्म सबै खेलमा हार बेहोरेको कोशी प्रदेश रहेको छ।

गत पुस २८ गतेबाट सुरु भएको प्रधानमन्त्री कप क्रिकेटमा सात प्रदेश र तीन विभागीय गरी दश टोलीको सहभागिता रहेको छ।

हरेक मंगलवार
नेपालभाषाको
रंगीन साप्ताहिक पत्रिका

लहना
व्यवसायिक पत्रकारिता, धाँचा आवश्यकता
LAHANA WEEKLY
वा:पो

खोजी खोजी पढौं।

मेरो साहित्य

"एउटा कथा"

✍ **सरीना बज्राचार्य**

उसलाई थाहा छ
मिलन छैन
मलाई थाहा छ
विछोड छैन
तर
एक अर्कालाई थाहा छ
नबोली बस्नै सक्दैन
कथा एक नदीको दुई किनारा जस्तो
तर
माया त्यही नदीको पानी जस्तो
रिसाए नि आफ्नै,हसाए नि आफ्नै
तर
गन्तव्य छैन
उसलाई थाहा छ
माया यही हो
मलाई थाहा छ
प्रेम यही हो
तर
एक अर्कालाई थाहा छ
भावना एउटै हो
उसलाई थाहा छ
मिलन छैन
मलाई थाहा छ
विछोड छैन।

जिन्दगीले जिउन सिकायो

✍ **रहेना नकर्मि मानन्धर**

जन्म रोएर भयो
रोदनलाई अँगालेर बुझ्ने भए
जिन्दगीले रुवायो पनि धेरै
दुःखको आँशुका टिलपिलमा
घोलिएको खुशी भेटाएँ

माला चुँडिएर छरपष्ट
मोती जस्तो जीवन
एकएक मोतीरुपि
जीवनको रश्मि टिपेर
माला उन्न सिकैं

सपनाहरु पलपल
चर्को घामले झुर्रेका पात जस्तै
सुकाउन बाध्य
अनगिन्ती रहरहरु
भेलसरि उर्लन नपाउँदै
दबाउन बाध्य
बुनेका कल्पना सब
पानीको फोकासरी
छिनभरमा हराउन बाध्य

मनको मैदानमा पलाउँछ आशा
रोप्न खोज्छु उर्लिन्छ भेल
परिवर्तन,
आशा निराशामा

च्यातिएर रद्दीटोकरीमा फालेका
आशा, रहर, सपना अनि कल्पना
टुक्राटुक्रा बटुलेर उगशशभि नक्रभ
जस्तो मिलाएर पूरा गर्न जाने
यी सबथोक सिकायो जिन्दगीले
यसरी,
जिउन सिकायो जिन्दगीले

मेरो साप्ताहिक
काठमाडौं जि.प्र.का. द.नं. : ३१२/०७६/७७ मचा माझाद्वः

टोखाको सपनातीर्थमा गणेश मूर्तिको स्थापना

नवनिर्मित गणेश मूर्ति र मन्दिर ।

पुरानो गणेश मूर्ति र मन्दिर ।

गणेश मूर्ति स्थापनामा सहभागी दाताका परिवारजन तथा पुरोहितहरु ।

श्री गणेशको जीवन्यास गरिएको कलश प्रतिष्ठा पूजाको लागि यात्राका क्रममा ।

श्री गणेशको कलश यात्राका क्रममा सहभागी टोखाको स्थानीय बाजा समूहका युवाहरु ।

- **मेरो संवाददाता**

काठमाडौं/टोखाको सपना तीर्थ गणेशको पुरानो मूर्ति जीर्ण भएका कारण परम्परागतरुपमा सो मूर्तिको संरक्षण र सम्वर्द्धन गर्दै आउनुभएको रामकृष्ण र स्यांपुलु डंगोलको परिवारले नयाँ गणेशको मूर्ति स्थापना गराउनु भएको छ ।

यस क्रममा गत पुस ६ गते शुक्रवार पुरश्चरण, ७ गते न्यास निकालेर मन्दिरको निर्माण कार्य थालनी गरिएको थियो । यसक्रममा यही माघ ४ गते बिहीवारका दिन दश कर्म पूजा र ५ गते समापन पूजा गर्दै गणेश मूर्तिको प्रतिष्ठा कार्य सम्पन्न गरिएको थियो ।

गणेश मूर्ति प्रतिष्ठाका लागि मूल गुरुका रुपमा प्रा.डा. नरेशमान बज्राचार्यको नेतृत्वमा मूलाचार्य दशरत्न बज्राचार्य, उपाध्यायको रुपमा दिपेन्द्र बज्राचार्यले पूजा सम्पन्न गराउनु भएको थियो ।

सो मूर्ति स्थापनाका लागि सपनतीर्थ क्षेत्र विकास समितिले विशेष सहयोग गरेको थियो ।

मूर्तिका दाता रामकृष्ण डंगोलले मेरो साप्ताहिकसँग कुरा गर्नुहुँदै जात्रा गरिने गणेश राखिने घरमा आफ्नो जन्म भएको र गणेश मूर्ति जीर्ण भएपछि सबैसँग चन्दा सहयोग लिएर नयाँ गणेशमूर्ति स्थापना गर्ने सल्लाह भए पनि आफ्नो श्रद्धाका कारण परिवारसँग छलफल गरेर आफैले सो मूर्ति मन्दिरको निर्माण गराएको बताउनु भयो ।

गणेशमूर्ति स्थापनाका क्रममा टोखाबासीको उत्साहजनक उपस्थिति रहेको थियो । बाजागाजासहित जात्रा गरेर गणेशको मूर्ति स्थापना कार्य सम्पन्न गरिएको थियो ।

टोखाको सपना तीर्थ नजिकै रहेको यो मन्दिर परिसरमा रहेको कुण्डमा स्नान गर्नाले सम्पूर्ण किसिमको रोगब्याधी नष्ट हुने जनविश्वास रहेको छ । बैशाख १ गते यहाँ विशेष मेला लाग्ने गर्दछ ।

तःननिमा कुमारी पूजा सम्पन्न

- **मेरो संवाददाता**

काठमाडौं/धर्मचक्र तःननि खलः अन्तर्गतको तःननी मयजु पुचःको आयोजनामा गत शनिवाः तःननिमा कुमारी पूजा सम्पन्न भएको छ ।

काठमाडौं महानगरपालिका १२ वडाका अध्यक्ष बालकृष्ण महर्जनको प्रमुख आतिथ्यतामा भएको सो पूजामा १४२ जना कन्या कुमारीहरुको सहभागिता रहेको थियो ।

पूजामा कामपा १२ वडाका सदस्यहरु पुष्परत्न प्रजापति, नानिहिरा डंगोलको पनि उपस्थिति रहेको थियो ।

नेवार समाजमा इही (बेल विवाह) नगरेका बालिकालाई देवी कुमारीको प्रतिकको रुपमा पूजा गर्ने चलन रहेको छ । राज्यशक्तिकै प्रतिकका रुपमा रहेको कुमारी नेवार समाजको आराध्यदेवीको रुपमा पूजित छ । कुमारीको पूजा गर्नाले रोग र शोकको नाश हुने जनविश्वास रहेको छ । नेवार समाजमा स्थानअनुरुप कुमारीको स्थापना गरिएको पाइन्छ भने इहि संस्कार नभएका बालिकालाई पनि कुमारीको प्रतिकको रुपमा पूजा गर्ने प्रचलन रहेको छ ।

क्यान्सरबाट बचौं, स्वस्थ रहौं

क्यान्सर रोगका कारण:

- *वंशाणुगत कारण,*
- *निष्क्रिय जीवनशैली,*
- *विषादीयुक्त खाद्य पदार्थको प्रयोग,*
- *प्रदुषित वायुमण्डल,*
- *तारेको, झानेको तथा फाष्ट फूड एवं जंकफूडलगायत अस्वस्थकर खानाको उपभोग,*
- *नूनको बढी सेवन,*
- *मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ ।*

यसबाट बच्न,

- *पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,*
- *प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,*
- *लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,*
- *नूनको उचित मात्रामा प्रयोग गरौं,*
- *नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं । स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।